# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, कात्तिक २९ गते २०३४ साल [ संख्या ३०


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

नगर पञ्चायत (कार्य व्यवस्था) (छैठौं संशोधन) नियमावली, २०३४

नगर पञ्चायत (कार्य व्यवस्था) नियमावली, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर पञ्चायत ऐन, २०१९ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "नगर पञ्चायत (कार्य व्यवस्था) (छैठौं संशोधन) नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नगर पञ्चायत (कार्य व्यवस्था) नियमावली, २०२० को नियम २ मा संशोधन : नगर पञ्चायत (कार्य व्यवस्था) नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "सदस्य" भन्नाले नगरपञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च समेतलाई जनाउँछ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. नगर सभाको बैठकको सञ्चालन र कार्यविधि : (१) साधारणतया वर्षमा एकपटक आर्थिक बर्ष शुरू हुनुभन्दा अघि नगर सभाको बैठक हुनेछ।

(२) नगर सभाको बैठक बोलाउनु पर्ने उचित कारण देखाई नगर सभाका सम्पूर्ण सदस्यसंख्याको बीस प्रतिशत सदस्यहरूले लिखित आवेदन दिएमा त्यस्तो लिखित आवेदन परेको महीना दिनभित्र प्रधानपञ्चले नगर सभाको बैठक बोलाउन लगाउनु पर्नेछ।

(३) बैठकको सभापतित्व प्रधानपञ्चले र निजको अनुपस्थितिमा उप-प्रधानपञ्चले र प्रधानपञ्च तथा उप-प्रधानपञ्च दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट तोकेको कुनै सदस्यले गर्नेछ।

(४) बैठक बोलाउँदा कमसेकम सात दिन अगावै सदस्यहरूलाई बैठक बस्ने मिति, समय, स्थान तथा छलफलको विषय खोली प्रधान अधिकृतले लिखित सूचना पठाउनु पर्नेछ।

(५) नगर सभाको सम्पूर्ण सदस्यसंख्याको एक तिहाई सदस्य उपस्थित नभै नगर सभाको बैठक बस्न सक्ने छैन। गणपूरक संख्याको अभाबमा बैठक हुन नसकेमा त्यसको भोलिपल्टै अर्को बैठक बोलाइनेछ र सो बैठकमा नगर सभाका एक तिहाई सदस्यको उपस्थिति आवश्यक पर्ने छैन।

(६) बैठकमा सुव्यवस्था कायम राख्ने काम सभापतित्व गर्ने व्यक्तिको हुनेछ।

(७) सभापतित्व गर्ने व्यक्तिले तोकेको स्थान र क्रममा सदस्यहरूले आसन ग्रहण गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) सभापतिको आसनको आदर गर्नु र मर्यादा राख्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(९) बैठकमा सदस्यहरूले बोल्ने पालो तथा बोल्ने समय सभापतिले तोकिदिए अनुसार हुनेछ । प्रस्तावकले बोलेपछि सो प्रस्तावमा बोल्न चाहने अरू सदस्यहरूलाई सभापतिले बोल्न अनुमति दिनु पर्नेछ । छलफलको अन्तमा प्रस्तावकले बोल्न चाहेमा सभापतिले बोल्न अनुमति दिनु पर्नेछ । एउटै प्रस्तावमा प्रस्तावकले बाहेक अरू सदस्यहरूले एकपटकभन्दा बढी बोल्न पाउने छैन ।

(१०) एउटा सदस्यले बोलिरहेको समयमा अर्को सदस्यले कुरा काटी बीचमा बोल्न पाउने छैन ।

(११) बैठकमा भएको छलफलमा कुनै सदस्यले अप्रासंगिक कुरा गरेमा वा ऐन तथा नियमावलीको विपरीत छलफल गरेमा वा आपत्तिजनक शब्दहरू प्रयोग गरेमा सभापतिले निजलाई रोक्न, सम्झाउन वा आपत्तिजनक शब्दहरू फिर्ता लिन आदेश दिन सक्नेछ ।

(१२) बैठकमा छलफल गर्दा वा प्रस्ताव पेश गर्दा देहायका बन्देजहरूको पालना गर्नु पर्नेछः–

(क) राजद्रोहात्मक भावना उत्पन्न हुने अशिष्ट भाषा वा शब्दको प्रयोग गर्न नहुने,

(ख) कसैको व्यक्तिगत इज्जतमा धक्का पुऱ्याउने भाषा वा शब्दको प्रयोग गर्न नहुने,

(ग) कुनै अदालतमा दायर भएका मुद्दा–मामिलामाथि असर पर्ने गरी छलफल गर्न नहुने, र

(घ) पञ्चायती व्यवस्थाको आलोचना गर्न नहुने ।

(१३) बैठकमा पेश भएको प्रस्तावमा पर्याप्त छलफल भइसकेको भन्ने आफूलाई लागेमा सभापतिले सो प्रस्तावलाई निर्णयको लागि पेश गर्नेछ र उक्त प्रस्तावको निर्णयको लागि प्रस्तावकको पक्ष तथा विपक्षका सदस्यहरूलाई पालैसित हात उठाउन लगाई सभापतिले प्रस्तावको पक्ष र विपक्षको मत गन्ती गरी बहुमतको निधो गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८३

(१४) बैठकको संचालनको सिलसिलामा सभापतिले दिएको आदेश र निर्देशन अन्तिम हुनेछ।

(१५) प्रधान अधिकृतले बैठकमा भएको निर्णयको विवरण लिखित रूपमा तयार गरी सभापतित्व गर्ने व्यक्तिबाट प्रमाणित गराई राख्नु पर्नेछ। बैठकको निर्णयको एक एक प्रति आवश्यक जानकारीको लागि सम्बन्धित मन्त्रालय, अञ्चलाधीशको कार्यालय, जिल्ला कार्यालय र जिल्ला पञ्चायत सचिवालयमा पठाउनु पर्नेछ।

४. मूल नियमावलीमा नियम ३ क. थप : मूल नियमावलीको नियम ३ पछि देहाय नियम ३ क. थपिएको छ:–

"३ क. नगर पञ्चायतको बैठकको निर्णय : प्रधान अधिकृतले नगर पञ्चायतको प्रत्येक बैठकमा भएको निर्णयको एक एक प्रति जानकारीको लागि सम्बन्धित मन्त्रालय, अञ्चलाधीशको कार्यालय, जिल्ला कार्यालय र जिल्ला पञ्चायत सचिवालयमा पठाउनु पर्नेछ।

(५) मूल नियमावलीको नियम ७ मा संशोधन : (१) मूल नियमावलीको नियम ७ को,–

(१) उप–नियम (१) मा रहेको "मूल्यको रू. १००।– एक सयमा– ।३० पैसामा नबढाई" भन्ने शब्द र अंकहरूको सट्टा "मूल्यको रू. १००।– मा– ।५० पैसामा नबढाई" भन्ने शब्द र अंकहरू राखिएका छन्।

(२) उप–नियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) पर्यटन उद्योग ऐन, २०२१ को दफा २८ बमोजिम दर्ता भएको पर्यटकको स्तरको होटलको हकमा होटलको स्तर अनुसार देहायबमोजिम वार्षिक करः–

(१) एक तारे होटलमा रू. १००।– देखि रू. १,०००।– सम्म
(२) दुई तारे होटलमा रू. २००।– देखि रू. २,०००।– सम्म
(३) तीन तारे होटलमा रू. ३००।– देखि रू. ३,०००।– सम्म
(४) चार तारे होटलमा रू. ४००।– देखि रू. ४,०००।– सम्म
(५) पाँच तारे होटलमा रू. ५००।– देखि रू. ५,०००।– सम्म"

(३) उप–नियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) अन्य होटल, लज, रेष्टूरां, चिया पसल, हलुवाई पसलमा रू. १०।– देखि रू. ५००।– सम्म वार्षिक कर।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप–नियम (२) को खण्ड (ग) मा रहेको "रू. १।– देखि रू. ५०।– सम्म" भन्ने शब्द र अंकहरूको सट्टा "रू. ३।– देखि रू. १५०।– सम्म" भन्ने शब्द र अंकहरू राखिएका छन् ।

(५) उप–नियम (२) को खण्ड (घ) मा रहेको "रू. १।– देखि रू. १५०।– सम्म" भन्ने शब्द र अंकहरूको सट्टा "रू. १०।– देखि रू. ५००।– सम्म" भन्ने शब्द र अंकहरू राखिएका छन् ।

(६) उप–नियम (५) मा रहेको "अञ्चल शिक्षा अधिकारी" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समिति" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८ कर दस्तुर फी लगाउन नपाउने : नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर पञ्चायतले निम्नलिखित कुराहरूमा कुनै प्रकारको कर दस्तूर वा फी लगाउन पाउने छैनः–

(क) शाही परिवार, श्री ५ को सरकार, कुटनैतिक सुविधा प्राप्त व्यक्ति वा संस्थाहरू तथा श्री ५ को सरकारले तोकेको व्यक्ति वा संस्थाको सवारी वा मालसामान,

(ख) श्री ५ को सरकारले तोकेको कुनै व्यापार वा पेशा,

(ग) दैनिक उपभोगका अत्यावश्यक पदार्थहरू जस्तै नून, खाने तेल, मट्टितेल, चामल आदि ।

७. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

"११. सदस्यले पाउने भत्ता : (१) प्रधानपञ्चले नगर पञ्चायतको बैठकद्वारा तोकिएबमोजिम नगर पञ्चायत कोषबाट बढीमा पाँचसय रूपैयाँ मासिक भत्ता पाउनेछ ।

तर प्रधानपञ्च पन्ध्र दिनभन्दा बढी अनुपस्थित भएमा वा पद रिक्त रहेको अवस्थामा सो पदको काम गर्ने उप–प्रधानपञ्चले वा प्रधानपञ्च र उप–प्रधानपञ्च दुवै पन्द्र दिनभन्दा बढी अनुपस्थित भएमा वा दुवैको पद रिक्त रहेको अवस्थामा प्रधानपञ्चको पदको काम गर्ने सदस्यले उक्त भत्ता काम गरेको अवधिको दामासाहीको हिसाबले पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८५

(२) नगर सभा वा नगर पञ्चायतका सदस्यले नगर सभा वा नगर पञ्चायतको बैठकमा वा दुई वा सोभन्दा बढी सदस्य भएको समिति वा उप–समितिको बैठकमा भाग लिए बापत नगर पञ्चायतको बैठकद्वारा तोकिएबमोजिम नगर पञ्चायत कोषबाट बढीमा पच्चीस रूपैयाँ बैठक भत्ता पाउनेछ।

(३) नगर सभा वा नगर पञ्चायतका सदस्यले नगर पञ्चायतको कामको सिलसिलामा बैठकको पूर्व स्वीकृति लिई नेपाल अधिराज्यको अन्य भागमा भ्रमण गर्दा नगर पञ्चायतको बैठकद्वारा तोकिएबमोजिम नगर पञ्चायत कोषबाट बढीमा पच्चीस रूपैयाँ दैनिक भत्ता र प्रति कोशको पाँच रूपैयाँका दरले भ्रमण भत्ता पाउनेछ।

(४) नगर सभा वा नगर पञ्चायतका सदस्यले पाउने भत्ता सो भत्ताको लागि छुट्याइएको शीर्षकको रकमबाट बाहेक अन्य शीर्षकको रकमबाट वा श्री ५ को सरकार वा अन्य कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता, चन्दा वा ऋणको रकमबाट पाउने छैन।

(५) यो नियम प्रारम्भ हुनुभन्दा अघि कुनै नगर पञ्चायतले बैठकद्वारा पारित गराई तोकिएकोभन्दा बढी दरमा भत्ता खाई खुवाई सकेको भए यो नियमावलीअन्तर्गत खाए खुवाए सरह मानिनेछ। तर यो नियम प्रारम्भ भएपछि यस नियमावलीमा तोकिएकोभन्दा बढी दरमा भत्ता खुवाउन सकिने छैन।

८. मूल नियमावलीमा नियम २५ थप : मूल नियमावलीको नियम २४ पछि देहायको नियम २५ थपिएको छः–

"२५. नामनामेसीको लगत किताब : अनुसूची ४ बमोजिमको ढाँचाको किताबमा नगर पञ्चायत क्षेत्रभित्र बसोवास गर्ने सबैको नामनामेसी लगत लेखी राख्नु पर्नेछ।"

९. रूपान्तर : मूल नियमावलीमा ठाउँ ठाउँमा प्रयोग भएको "इलाका" भन्ने शब्दको सट्टा "क्षेत्र" भन्ने शब्द राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ४

(नियम २५ संग सम्बन्धित)

नामनामेसी लगत किताब

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | परिवार | नाम | वतन | नगर पञ्चायत वडाटोल | बाबु वा पतिको नाम | उमेर | जनाना वा मर्दाना | जन्म | मरण | मत दिन पाउने नपाउने | कैफियत |
| | | | | | | | | | | | |

आज्ञाले–

सहायक रथी वीरेन्द्रप्रसाद शाह

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।